जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ • अंक २८१ • २०८२ श्रावण १५ गते विहिवार • 31 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# चुरे दोहनले मधेश प्रदेश अहिले खडेरीको चपेटामा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ श्रावण**



चुरे दोहन तथा अनियन्त्रित ढुङ्गागिट्टी उत्खननले भूमिगत जल सतह दिनप्रति दिन तल भासिँदै गएपछि मधेश प्रदेश अहिले खडेरीको चपेटामा परेको छ। भूमिगत जल सतह घट्दा ट्यूबवेल र बोरिङको समेत पानी सुक्दा मधेस प्रदेशमा पानीको हाहाकार भएको छ। मधेस प्रदेश सरकारले दमकलमार्फत प्रदेशवासीको घर घरमा खानेपानी आपूर्ति गरिरहेको छ। तर चुरे दोहन र अनियन्त्रित ढुङ्गागिट्टी उत्खननमा रोक लगाउन सकेको छैन।

यसले अझै खानेपानीको भयावह अवस्था सृजना हुने अवस्थामा पनि प्रदेश सरकारको चुरे संरक्षणमा ध्यानाकर्षण हुन नसकेको स्थानीय अभियन्ता राजु जयसवाल बताउँछन् । उहाँले साउन र भदौ महिनाभरि नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कानुनले प्रतिबन्ध लगाएको अवस्थामा पनि निर्बाध रुपमा उत्खनन भइरहेको बताउनुहुँदै सम्बन्धित सरोकारवाला निकाय मौन छन्। लामो समयदेखि वर्षा नभएको र चुरे दोहन र अनियन्त्रित ढुङ्गागिट्टी उत्खननले किसानहरुले सिँचाइका लागि जडान गरेको बोरिङमा समेत पानी आउन छोडिएपछि धान रोपाइँ हुन नसकेको स्थानीय हरि यादव बताउँछन्। मधेस प्रदेशको आठ जिल्लामा सिँचाइका लागि सप्तरीमा चन्द्र नहर, कोशी पम्प नहर, सिराहा र धनुषामा कमला नहर, रौतहट-सर्लाहीमा बागमती नहर तथा कुलो, पैनीबाट मात्रै सतह सिँचाइको व्यवस्था छ। यो नहरको पानीले मधेस प्रदेशस्थित खेतीयोग्य जग्गाको थोरै क्षेत्रफलमा सिँचाइ हुने गरेको किपिल सरदार बताउँछन्।

उहाँले मधेस प्रदेशका किसान आकाशे पानी र भूमिगत सिँचाइ प्रणालीबाट खेती गर्दै आएको बताउनुभयो। लामो समयदेखि वर्षा नभएको र चुरे दोहनले भूमिगत जल सतह तल भासिँदै गएकोले मधेस प्रदेशका किसानहरु खडेरीबाट त्राहिमामको अवस्थामा पुगेको सरदार बताउँछन् । मधेस सरकारले चुरे संरक्षणका लागि विशेष नीति, योजना र कार्यक्रम ल्याएर कडाइका साथ कार्यान्वयन गर्नुपर्ने अवस्था भएको कानुन कार्यान्वयनमा चासो देखाएको छैन तर दमकलमार्फत खानेपानी आपूर्तिको नाटक मञ्चन गरिरहेको स्थानीय बुद्धिजीवी सूर्यनारायण यादव बताउँछन् । सिराहा जिल्लास्थित गागन, घुर्मी, सर्रे, सहजा, बतहा, जिवा, भेडवा, मैनवती, कमला, बलान, खुट्टी खोलाका साथै वन क्षेत्रबाट समेत कानुनविपरीत यतिखेर अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा संकलन भइरहेको स्थानीय रामविनय महतो बताउँछन्। उहाँले वन कर्मचारी, स्थानीय प्रशासन र स्थानीय निकायको मिलेमतोमा तस्करहरुले निर्बाध रुपमा ढुङ्गागिट्टी उत्खनन गरिरहेको दृश्य जताततै हेर्न पाइन्छ। जिल्लास्थित खोला,नदी र चुरे क्षेत्रमा तस्करहरुले एक्जाभेटर लगाएर अनियन्त्रित रुपमा ढुङ्गागिट्टी, बालुवा उत्खनन गरिरहे पनि सरोकारवाला मौन छन्।

चुरे दोहन नियन्त्रणमा देखिएको उदासीनताले मधेसप्रतिको मधेसी राजनीतिक दल लगायतको हेर्ने दृष्टिकोण तथा सरकारी नीति र नियत उजागर भएको हो। ढुङ्गागिट्टीका तस्करको प्रभावमा यिनीहरु मौन रहेकाले मधेसमा खडेरीको कारण खानेपानीको हाहाकार निम्तिन पुगेको उहाँको भनाइ छ। स्थानीय महतोको अनुसार सिराहाको बन्दीपुर, चोहर्वा, गोलबजारलगायतको क्षेत्रमा वन क्षेत्रमा नै अहिले पनि ढुङ्गागिट्टी उत्खनन भइरहँदा पनि वन कर्मचारी मौन हुनुमा संलग्नताको आशङ्का छ।

सिराहा जिल्लाका सब डिभिजन वन कार्यालय चोहर्बाका सहायक वन अधिकृत आबेद हुसेन, सब डिभिजन वन कार्यालय धनगढीका सहायक वन अधिकृत चन्देश्वर यादवलगायत सब डिभिजन प्रमुखमार्फत ढुङ्गागिट्टी तस्करबाट अवैध रकम असुली गर्दै आएकोले चुरेमा अनियन्त्रित उत्खनन भइरहेको स्थानीय महतोको आरोप छ। वन कार्यालयका कर्मचारीहरुले अवैध रकम असुली गरेर वनमा गस्ती नगर्दा चोरी, तस्करीसँगै ढुङ्गागिट्टी, ग्राभेलको अवैध उत्खनन र निकासी भइरहेको स्थानीय महतोले आरोप लगाएको छ। सब डिभिजन वन कार्यालय चोहर्बाका प्रमुख सहायक वन अधिकृत हुसेनले वन क्षेत्रमा उत्खनन भइरहेको सूचना आफूहरुलाई नरहेको दाबी गरेका हुन् । यस्तै दाबी अन्य सहायक वन अधिकृतहरुको समेत छ ।

"Education Is The Light Of Life"

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | • H.A.<br>• Staff Nurse<br>• D-Pharmacy<br>• CMLT (Lab)<br>• Opthalmic Science<br>• Diploma in Civil, Electrical Mechanical Engineering<br>• Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (३) शिक्षक सेवा (५) शिक्षा सेवा (७) स्वास्थ्य सेवा
(२) प्रहरी सेवा (४) बैंक सेवा (६) महिला विकास (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरू
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन पाठन गराइने
७. प्रत्येक शुक्रबार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिबार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।

9854025530 / 9824885783

## बजार ठेक्का प्रक्रिया अगाडि नबढाउन अन्तरिम आदेश

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ श्रावण**




उच्च अदालत जनकपुरले निगौल गौशालाको मन्जुरी विना गौशाला नगरपालिकालाई बजार ठेक्का प्रक्रिया अगाडि नबढाउन अन्तरिम आदेश दिएको छ।

न्यायाधीशद्वय राजुराम सिलवाल र खेमराज भट्टको संयुक्त इजलासले मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म गाई गौशालाको नाममा दर्ता रहेको कित्ता नं. ८२, ८३, ८४ मा कुनै प्रकारको हस्तक्षेप नगर्न नगराउन मङ्गलबार आदेश जारी गरेको हो । गौशाला व्यवस्थापन कार्यालयले उच्च अदालतमा निषेधाज्ञा माग गर्दै निवेदन दर्ता गरेको थियो। संयुक्त इजलासले उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम नगरपालिकालाई हाटबजार ठेक्का नलगाउन अन्तरिम आदेश दिएको हो।

आदेशमा भनिएको छ, "साविक नमुना गाउँपालिका र गौशालाबिच २०७० असार २२ गते भएको सम्झौता अवधि समाप्त भएकाले मुद्दाका अन्तिम टुङ्गो नलागेसम्म उक्त जग्गामा गौशालाको मञ्जुरी बेगर कुनै प्रकारले हस्तक्षेप नगर्न नगराउन तथा हाटबजार ठेक्कामा लगाउने कार्य नगर्नु नगराउनु" भनि आदेश गरिएको छ। अदालतले यसअघि पृथ्वीनारायण महतो र सतन साहसम्बन्धी मुद्दामा दिएको अल्पकालीन अन्तरिम आदेश खारेज गर्दै नगरपालिको चौपाया बजार अन्यत्र सारिसकेकोले निरन्तरता आवश्यक नरहेको उल्लेख छ।

यसअघि साउन ७ गते न्यायाधीश महेन्द्रनाथ उपाध्यायको इजलासले निवेदक श्रवणकुमार महतोको पक्षमा अल्पकालीन आदेश जारी गरेको थियो । गौशाला नगरपालिकाले २०७० सालदेखि बजार ठेक्काबाट उठेको रकमको २५ प्रतिशत गौशालालाई दिने सर्तमा बजार सञ्चालन गर्दै आएको थियो । सम्झौताविपरीत ५ करोडभन्दा बढीको भुक्तानी नगरेकाले नगरपालिका र गौशालाकाबिच विवाद बढेको हो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



सम्पादकीय...................

## स्वास्थ्यमा गहन भूमिका खेल्नुपर्छ

*मुलुकमा लोकतन्त्रको बहालीसँगै राज्यसँग आमजनताले गर्ने अपेक्षामा अत्यधिक वृद्धि हुनुका साथै चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवाप्रवाहलाई नागरिकको हित अनुकूल बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ । लोकतान्त्रिकको परिपाटीले नागरिकको सार्वजनिक सेवाप्रतिको चासो र जनस्तरबाट यसको प्रभावकारी अनुगमनलाई थप बल पुऱ्याएको देखिन्छ। नेपालको संविधानले 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निः शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकभित्र समावेश गरेको देखिन्छ।*

*प्रत्येक वर्ष जुलाई २८ मा विश्व हेपाटाइटिस दिवस मनाउने गरेको देखिन्छ। भाइरल हेपाटाइटिसको प्रभाव घटाई विश्वभरका मानिसलाई गुणस्तर स्वास्थ्य बनाउने उद्देश्यले विश्वभरका मानवहरू एकजुट हुनु नितान्त आवश्यक रहेको देखिन्छ र स्वास्थ्य संस्था विकास समितिलाई समयअनुसार प्रशिक्षण दिनु आवश्यक छ। स्वास्थ्य संस्थाहरूमा आधुनिक सूचना प्रविधिको विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाई स्वास्थ्यकर्मीहरूलाई आफ्नो कार्यक्षेत्रमा टिकाउन अति आवश्यक देखिन्छ। यसो भएमा मात्र हाम्रो देशमा स्वास्थ्य संस्थाले आमनागरिकको स्वास्थ्यमा गहन भूमिका खेल्नेछ र स्वास्थ्य सेवा गुणस्तर हुनेछ भने आम जनताको विश्वास रहेको छ।*

# गत आर्थिक वर्षमा ६८ हजार ७४३ वटा सवारीसाधन आयात

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १४ श्रावण**

गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट ६८ हजार ७४३ सवारीसाधन भित्रिएका छन् । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार सो अवधिमा इन्धनबाट चल्ने अन एसेम्वल्ड मोटरसाइकलदेखि क्रेनलहरीसम्मका ६८ हजार ७४३ वटा सवारीसाधन आयात भएका हुन् । सवारीसाधनको आयातबाट दोस्रो धेरै राजस्व सङ्कलन हुँदै आइरहेको छ।



गत आवभरिमा इन्धनबाट चल्ने सवारीसाधनबाट मात्र रु १७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको छ । गत आवमा रु छ अर्ब ६० करोड मूल्यका ५० हजार २९१ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएका छन्। ती सवारी आयातबाट यस नाकाले रु छ अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको छ । गत आवमा रु दुई अर्ब ९४ करोड मूल्यका एक हजार ४५४ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन्। त्यसैगरी, सोही अवधिमा रु दुई अर्ब एक करोड मूल्यका नौ सय १२ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन् । गत आवमा नै रु एक अर्ब ३७ करोड मूल्यका पाँच हजार ७३५ वटा ट्र्याक्टर तथा ट्रिलर आयात भएका छन् । सोही अवधिमा रु एक अर्ब ११ करोड मूल्य पर्ने ४१७ वटा इन्धनबाट चल्ने बस यहाँ भित्रिएका छन् ।

सोही अवधिमा रु ७१ करोडका एक सय ३९ वटा कङ्क्रिट मिश्रण लहरी आयात भएका छन् भने रु ७४ करोडको तीन सय १२ वटा ट्रक, मिनी ट्रक आयात भएका छन्। त्यसैगरी, सोही अवधिमा रु ४३ करोड ३१ लाख मूल्यका चार हजार ६४६ वटा मोटरसाइकल आयात भएका छन् ।

# प्रहरीद्वारा ठूलो परिणाममा अवैध मदिरा लगायतका सामान बरामद

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १४ श्रावण**




सप्तरी प्रहरीले ठुलो परिणाममा अवैध मदिरा लगायतका सामान बरामद गरेको छ। भारततर्फ लैजान राखिएको अवस्थामा लाखौं मूल्य बराबरको मदिरा बरामद गरिएको जानकारी जिल्ला प्रहरी कार्यालय राजविराजले दिएको हो। जिल्लाको राजगढ गाउँपालिका २ स्थित कमलपुर गाउँमा मदिराजन्य बस्तु भण्डारन गरी भारततर्फ बिक्रीका लागि लैजान राखिएको गोप्य सूचनाको आधारमा विभिन्न कम्पनीको १२ लाख ८८ हजार नौ सय ७५ रुपियाँ बराबरको मदिरा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिनुभयो।

प्रहरी उपरीक्षक केसीले मदिरा ओसारपसारमा प्रयोग भएका मोटरसाइकल र साइकल समेत फेला पारी जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याएर थप अनुसन्धानको कार्य भइरहेको बताउनुभयो। उहाँले अवैध मदिराजन्य बस्तु स्टोर गरी भारततर्फ बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी निरीक्षक विरेन्द्र कुमार यादव, प्रहरी चौकी झुटकीका वरिष्ठ प्रहरी नायब निरीक्षक गणेशबहादुर न्यौपानेसहित प्रहरी टोलीले उक्त स्थानमा बाँसको टाटीको बेरा र मार्वलको छानो भएको ठुलो गोदाममा छापा मारेको थियो ।





अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः लामो यात्राको योग छ
मिथुनः अनावश्यक चिन्ता
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः आम्दानी हुने
तुलाः विचार गरेर बोल्नुहोला
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः खानपानमा समस्या आउने
मकरः मनमा पछुतो आउने
कूम्भः मित्रतामा फाटो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्प-किम वार्ताको सम्भावनाबीच किमकी बहिनीको यस्तो चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ श्रावण



उत्तर कोरियाका नेता किम जोङ उनकी शक्तिशाली बहिनी किम यो जोङले मंगलबार संयुक्त राज्य अमेरिकालाई आणविक निःशस्त्रीकरणको विरुद्धमा चेतावनी दिएकी छिन्। यो चेतावनी ह्वाइट हाउसका एक अधिकारीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प उत्तर कोरियाली नेता किम जोङ उनसँग वार्ताका लागि खुला रहेको बताएपछि आएको हो।

उत्तर कोरियाको आधिकारिक नाम (डिपिआरके) उल्लेख गर्दै किम यो जोङले राज्य सञ्चारमाध्यमद्वारा प्रकाशित वक्तव्यमा भनिन्, "डिपिआरकेलाई आणविक हतियार राष्ट्रको रूपमा अस्वीकार गर्ने कुनै पनि प्रयासलाई... पूर्ण रूपमा अस्वीकार गरिनेछ" उनले आफ्नो दाइ र ट्रम्पबीचको 'व्यक्तिगत सम्बन्ध' 'नराम्रो नभएको' बताए पनि, भविष्यको कुनै पनि वार्तामा 'आणविक निःशस्त्रीकरणको उद्देश्य पूरा गर्न' यसलाई प्रयोग नगर्न चेतावनी दिइन्। उत्तर कोरियाको आणविक निःशस्त्रीकरणसम्बन्धी सम्झौतामा पुग्नका लागि अमेरिकी राष्ट्रपतिको पहिलो कार्यकालमा ट्रम्प र उत्तर कोरियाली नेताबीच तीन पटक भेट भएको थियो।

तर, सन् २०१९ मा हनोईमा भएको दोस्रो शिखर सम्मेलनमा उत्तर कोरियाले यसको बदलामा के पाउने भन्ने कुरामा सहमति हुन नसकेपछि प्योङयाङले आफ्नो आणविक कार्यक्रमलाई गति दिएको छ।

# निर्माणमा हात हालेपछि निता भन्छिन्, 'मेकर बन्न साँच्चै गाह्रो रहेछ'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ श्रावण



अभिनेत्रीको लामो करियरमा निता ढुंगाना अधिकारीले दर्जनौं भूमिका निर्वाह गरिसकेकी छन्। तर कलाकारको रूपमा उनी अझै तृप्त हुन सकेकी छैनन्। कारण हो, 'नारी सशक्तीकरण र महिला केन्द्रित सशक्त भूमिका' नपाउनु। जुन उनको अभिनय गर्ने ठुलो चाहना थियो र अहिलेसम्म पूरा हुन सकेको छैन।

महिलाप्रधान चरित्रमा थुप्रै फिल्म गरे पनि आफूले चाहेजस्तो भूमिका नमिलेको उनी बताउँछिन्। 'अब म भूमिका पर्खने मुडमा छैन। बाहिरको आए गर्छु, नआए आफैं बनाउँछु,' भन्छिन्, 'अब त म पनि निर्देशक बन्दैछु।'निता फिल्म 'सुखदुःख'बाट निर्देशकमा डेब्यु गर्ने तयारी गर्दैछिन्। गत वर्ष प्रदर्शनमा आएको 'ह्रस्व दीर्घ'बाट निर्माताको रूपमा देखिएकी उनलाई उक्त फिल्मको अनुभवले निर्देशक बन्न हौस्याएको हो। 'ह्रस्व दीर्घ'ले मलाई अर्को सपनाको ढोका खोल्न मद्दत गऱ्यो,' उनी भन्छिन्, 'लामो समयदेखि निर्देशनमा आउने सोच बनाए पनि आँट्न सकेकी थिइनँ।'

'ह्रस्व दीर्घ' निर्माण गर्दा निर्देशकका लागि आवश्यक धेरै कुरा सिकेको उनी सुनाउँछिन्। 'सुखदुःख' नामको फिल्म पहिल्यै बनिसकेको छ। पारिवारिक कथामा निर्माण भएको उक्त फिल्म स्वर्गीय शिव रेग्मीले बनाएका थिए। फिल्म सुपरहिट भएको थियो। हुन त यो नामबाट नयाँ फिल्म बनाउनु आफैंमा ठुलो चुनौती हो। र यो नाम पाउनुलाई नै उनले सौभाग्य ठानेकी छन्।

'शिव रेग्मीले जस्तो बनाउन सकिन्छ कि सकिँदैन थाहा छैन, तर कोसिस गर्नेछु,' उनले चुनौती स्वीकार गरिन्। फिल्मका लागि 'सुखदुःख'को पुरानो टिमसँग सल्लाह र आशीर्वादसमेत लिइसकेको उनी बताउँछिन्।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ श्रावण



नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार आजका लागि अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ६१ पैसा र बिक्रीदर १३९ रुपैयाँ २१ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६० रुपैयाँ २८ पैसा र बिक्रीदर १६० रुपैयाँ ९८ पैसा ,युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८५ रुपैयाँ र बिक्रीदर १८५ रुपैयाँ ८० पैसा , स्वीस फ्राङ्क एकको खरिददर १७२ रुपैयाँ १५ पैसा र बिक्रीदर १७२ रुपैयाँ ९० पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ २० पैसा र बिक्रीदर ९० रुपैयाँ ५९ पैसा , क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ७७ पैसा र बिक्रीदर १०१ रुपैयाँ २१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ६३ पैसा र बिक्रीदर १०८ रुपैयाँ १० पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३३ पैसा र बिक्रीदर नौ रुपैयाँ ३७ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ३२ पैसा र बिक्रीदर १९ रुपैयाँ ४० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ११ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३८ रुपैयाँ १९ पैसा कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ २७ पैसा र बिक्रीदर चार रुपैयाँ २९ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ७३ पैसा र बिक्रीदर ३२ रुपैयाँ ८८ पैसा, साउथ कोरियन वन १०० को खरिददर ०९ रुपैयाँ ९६ पैसा र बिक्रीदर १० रुपैयाँ ०३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ३८ पैसा र बिक्रीदर १४ रुपैयाँ ४४ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ४८ पैसा र बिक्रीदर २१ रुपैयाँ ५७ पैसा तोकिएको छ।

# मिचेल ओवेन अस्ट्रेलियाको ओडिआई टोलीमा पनि समावेश

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ श्रावण





अस्ट्रेलियन अलराउण्डर मिचेल ओवेनले अस्ट्रेलियाको एकदिवसीय टोलीमा पनि स्थान बनाएका छन्। दक्षिण अफ्रिकासँग घरमै हुने टी-२०आई र एकदिवसीय श्रृंखला खेल्ने टोलीमा ओवेन समावेश भएका हुन्।

वेस्ट इन्डिजसँगको खेलबाट टी-२०आईमा अघिल्लो साता डेब्यू गरेका ओवेनले डेब्यूमै अर्धशतक बनाएका थिए। त्यसअघि उनले बिग ब्यास र मेजर लिग क्रिकेटमा गरेको प्रदर्शनका आधारमा अस्ट्रेलियन टोलीमा स्थान पाएका थिए। अस्ट्रेलियाले दक्षिण अफ्रिकासँग आगामी १० अगस्टदेखि ३ खेलको टी-२०आई श्रृंखला खेल्नेछ भने त्यसपछि १९ अगस्टबाट एकदिवसीय श्रृंखला खेल्नेछ। टोलीमा ट्राभिस हेड र जोश हेजलवुड फर्किएका छन्। प्याट कमिन्स र मिचेल स्टार्क श्रृंखला नखेल्ने हुँदा एकदिवसीय टोलीमा पनि मिचेल मार्शले नै कप्तानी गर्नेछन्। टी-२०आई टोली : मिचेल मार्श (कप्तान), बेन डारशुइस, नेथन एलिस, क्यामरन ग्रीन, जोश हेजलउड, ट्राभिस हेड, जोश इङ्लिस, मिचेल ओवेन, म्याथ्यु शर्ट, एडम जाम्पा, शन एबट, टिम डेभिड, म्याथ्यु कुहनेमान, ग्लेन म्याक्सवेल।

एकदिवसीय टोली : मिचेल मार्श (कप्तान), बेन डारशुइस, नेथन एलिस, क्यामरन ग्रीन, जोश हेजलउड, ट्राभिस हेड, जोश इङ्लिस, मिचेल ओवेन, म्याथ्यु सर्ट, एडम जाम्पा, जेभियर बार्टलेट, एलेक्स केरी, मार्नस लबुशेन, ल्यान्स मोरिस।

# किसानको पीडामा मलम लगाउने कार्य गर्न सह-महामन्त्री यादवको माग



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ श्रावण

नेपाली कांग्रेसका सह-महामन्त्री तथा पूर्व खानेपानी मन्त्री महेन्द्र यादवले मधेशको समस्या तत्काल र दीर्घकालीन समाधानको माग गरेका छन्। "मधेशको जनजीवन र कृषि प्रणाली जोगाउन अहिलेको आवश्यकता डिप बोर्डिङ, सिँचाइ, नदी नियन्त्रण तथा कुलो निर्माणलाई प्राथमिकता दिई बजेट खर्च गर्नुपर्ने नेता यादवले सुझाएका छन्। विकासका अन्य योजनाहरु केही समय थाती राखेर किसानलाई प्रत्यक्ष लाभ हुने गरी उनको पीडामा मलम लगाउने कार्य गर्नुपर्ने धारणा उनले राखेका छन्।

उनले नेपाल सरकार तथा मधेश प्रदेश सरकारलाई किसानमुखी नीति अवलम्बन गर्दै डुवानजस्ता विपद् नियन्त्रण तथा सुख्खा क्षेत्रका लागि आपतकालीन राहत योजना तत्काल लागू गर्नमा जोड दिएका छन्।

मधेश प्रदेशमा हाल खानेपानी तथा सिँचाइको चरम अभावले जनजीवन कष्टकर बन्दै गएको छ। वर्षा नहुँदा खेत सुख्खा छन्। कृषकहरू धान रोप्न नसकी निराश छन्, र सर्वसाधारण पिउने पानीको अभावमा दिन काट्न बाध्य छन्। यिनै गम्भीर अवस्थाको मूल्यांकन गर्दै नेपाल सरकार तथा मधेश प्रदेश सरकारले मधेशलाई सुख्खा ग्रस्त क्षेत्र घोषणा गरेको छ।

सुख्खा क्षेत्रका लागि तत्काल राहत प्याकेजको घोषणा गर्नुपर्ने माग सह-महामन्त्री यादवले ध्यानाकर्षण पत्रमार्फत गरेका छन्।

# मंगलपुरमा डिप बोरिङ जडान हुँदै



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ श्रावण

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-०३, मंगलपुरमा डिप बोरिङ जडान कार्य सुरु भएको छ। नेपाली कांग्रेसका सह-महामन्त्री तथा नेपाल सरकारका पूर्व खानेपानी मन्त्री महेन्द्र यादवले बुधबार एक कार्यक्रमका बीच शिलान्यास गरेपछि पावर डिप बोर्डिङ जडान कार्य सुरु भएको हो।

लामो समयदेखि वर्षा नहुँदा मधेशका जिल्लाहरु खडेरीको चपेटामा परेको छ। साउन महिनाको दोश्रो साता बित्नैलाग्दा ५० प्रतिशत पनि धान रोपाइ हुन सकेको छैन्। धान रोपाई हुन नसक्दा धनुषासहित मधेशका किसान चिन्तित बनेका छन्। समयमा वर्षा नहुँदा साउन महिनामा पनि खेतमा धुलो उडेको छ भने कृत्रिम सिचाई गरेर रोपाई गरिएको धान खेतमा पनि चिरा परिसकेको छ। कृत्रिम सिचाईका लागि नेपाल सरकार र मधेश प्रदेश सरकारले ठाउँ ठाउँमा डिप बोरिङ जडान गर्ने कार्यक्रम अघि बढाएका छन्। सोही अन्तर्गत बुधबार क्षीरेश्वरनाथ नगरपालिकाको मंगलपुरमा डिप बोरिङ जडान कार्य सुरु गरिएको हो। लामो समयदेखि वर्षा नभएर धान रोपाई हुन नसकेपछि नेपाल सरकार र प्रदेश सरकारले मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरिसकेको छ।डिप बोरिङको शिलान्यास कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष अमरकिशोर सिंह, नेपाली कांग्रेसका नेता मदन घिमिरे, मोहन माथेमा, समाजसेवी बिष्णुमित्र लाल गिरी, इश्वरी प्रसाद अधिकारी, युवा नेता खुर्सेद राईन लगायत स्थानिय बुद्धिजिवी, किसान तथा समाजका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# भाष्यले गाँजेको बसाइँसराइ, रोजगारी र विप्रेषण

-विप्रेषण उत्पादनमूलक क्षेत्रमा प्रयोग भएन भन्ने एउटा जबर्जस्त र अनुरागयुक्त भाष्य व्याप्त छ । आर्थिक रूपमा पिाधमा रहेकाहरूले वैदेशिक रोजगारीबाट कमाएको रकमलाई सञ्चित गर्ने अतृप्त र सुविचारित सोच हुँदाहुँदै पनि त्यस्तो सम्भावना कमै छ। त्यस्तै, चर्को ब्याजदरमा ऋृण खोजेर उच्च लागतमा विदेश जानुपर्ने बाध्यताले गर्दा बचत गर्न कठिन छ।

रोजगारी, अध्यन, तालिम अथवा स्थायी बसोबासका लागि लगभग २२ लाख नेपाली देशबाहिर रहेको वा भारतलगायत देशहरूमा वैदेशिक रोजगारीका लागि वार्षिक लगभग ८-१० लाख नेपाली जाने गरेको तथ्यांकका आधारमा ‘युवा पलायन’ को भाष्य निर्माण भएको छ । आन्तरिक र वैदेशिक रोजगारीका आयाम तथा देशमै स्व(रोजगारी) र उद्यमशीलताको विकासका केही पाटाहरूका बारेमा यो आलेखमा चर्चा गरिएको छ । ६०-७० हजार वर्ष पहिले मुख्यतः जीवन धान्न र आफ्नो अस्तित्व रक्षाका लागि, अफ्रिकाबाट प्रारम्भ भएको मानवहरूको बसाइँसराइ समयक्रमसँगै एसिया, युरोप, अस्ट्रेलिया र अमेरिकामा फैलियो । यस्तो बसाइँसराइले इतिहासका विभिन्न महत्त्वपूर्ण क्षणहरूमा तीव्रता पाएका छन् । वातावरणीय परिवर्तनहरू र कृषिका लागि ऊर्वर भूमिको खोजीमा खासगरी १० हजार ईसापूर्व कालमा मानिसको बसाइँसराइले तीव्रता पाएको थियो। क्रमशः जनसंख्या वृद्धि, जीवनशैलीमा आएका परिवर्तन तथा ऊर्वर भूमिका लागि प्रतिस्पर्धाजस्ता कारकहरूले गर्दा नयाँ अवसर तथा क्षेत्रको खोजीका लागि बसाइँसराइले थप तीव्रता पाएको देखिन्छ । जब मध्ययुगीन कालमा रोमन, फारसी, चिनियाँ, मंगोल तथा अरब साम्राज्यहरू खडा र विस्तारित हुँदै गए, त्यसले व्यापारिक, पर्यटकीय तथा अन्य आर्थिक गतिविधिलगायत सेनाहरूको (आ)गमन तथा धार्मिक तीर्थयात्री तथा प्रचारप्रचारले पनि बसाइँसराइमा सघनता बढायो पाइन्छ।

पन्ध्रौंदेखि उन्नाइसौं शताब्दीमा युरोपका कतिपय देशहरूमा आर्थिक र व्यापार, अन्वेषण, ज्ञान तथा उपनिवेशीकरणमा भएका अभूतपूर्व विस्तार तथा प्रभावका कारण र खास गरी अठारौं र उन्नाइसौं शताब्दीको औद्योगिक क्रान्तिले विश्वका विभिन्न देशबाट रोजगारी र राम्रो जीवनयापनको खोजीमा बसाइँसराइलाई बढावा दियो। त्यसै अवधिमा भारत र चीनबाट पनि ठूलो संख्या क्यारिबियन, दक्षिणपूर्व एसिया र अफ्रिकाका उपनिवेशहरूमा र युरोपेलीहरू पनि उत्तर र दक्षिण अमेरिकामा बसाइँसराइ गरेको गएको पाइन्छ । दोस्रो विश्वयुद्धपछिको युरोपको पुनर्निर्माणका लागि उपनिवेशिक र छिमेकी देशहरूबाट आप्रवासीहरूलाई श्रमिक ल्याउँदा



बसाइँसराइ उल्लेख्य रूपले बढ्यो । र, विगतका केही दशकहरूमा त भूमण्डलीकरण, बेरोजगारी तथा कुनै देशहरूमा सिर्जित आर्थिक अवसरका कारणले अन्तर्राष्ट्रिय (आ)प्रवासन सबैभन्दा उच्चतम बिन्दुमा आइपुग्यो । आज गन्तव्य देश मानिने दक्षिण कोरियाका नागरिकहरू १९६० देखि १९८० को दशकसम्म नर्स, खानी, निर्माणको क्षेत्रमा रोजगारीमा थिए। त्यस्तै १८ औं र १९ औं शताब्दीमा स्विस नागरिकहरू देशमै आर्थिक अवसरहरूको अभावका कारण अमेरिका तथा दक्षिण अमेरिकाका देशहरूमा र केही स्विस नागरिकले विदेशी फ्रान्स, स्पेन, नेदरल्यान्डमा भाडाका सेनामा काम गरेर आफ्नो र परिवारको जनजीविका चलाएका थिए । नेपाली मात्रै होइन, १९ औं र २० औं शताब्दीको सुरुवातमा अहिले नेपालीहरूका रोजगारीको गन्तव्य देशहरू बनेका इटाली र पोर्चुगलजस्ता देशका नागरिक आर्थिक, राजनीतिक कारणले अमेरिका र युरोपका अन्य देशहरूमा रोजगारीका लागि गएका थिए । नेपालीहरूको गन्तव्य बन्दै आएका पोल्यान्ड, रोमानिया, बुल्गेरिया र टर्कीजस्ता देशबाट आज पनि उल्लेख्य संख्यामा पश्चिमी युरोपमा काम गर्न जाँदै छन् । नेपालको जनसंख्याको ७ प्रतिशत मानिस देशबाहिर छन् भने यी देशबाट अझै पनि जनसंख्याको १२-२५ प्रतिशतसम्म विदेशमा दक्ष र अदक्ष दुवै श्रमिकका रूपमा कार्यरत छन् । खास गरी आफ्नो देशमा भन्दा अन्य देशमा तलब सुविधाको व्यवस्था बढी भएर नै उनीहरू विदेशमा काम गर्दै आएका छन् ।

२०२४ को संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासन प्रतिवेदनअनुसार पनि आर्थिक रूपले उच्च आय भएका भारत, चीन र रसियादेखि मेक्सिकोजस्ता उच्च-मध्यम आय भएको देशबाट अहिले पनि सबैभन्दा बढी नागरिकहरू (आ)प्रवासन गएका छन् ।

भारतका १ करोड ८५ लाख, चीनका १ करोड १७ लाख, मेक्सिकोका १ करोड १६ लाख र रसियाका ९१ लाख नागरिक अन्य देशहरूमा बसोबास गर्थे । यी तथ्यहरूले प्रस्ट के कुरा स्थापित गर्दछ भने, मानिसहरू बिदेसिनुका कारण एउटा-दुइटा नभई अनेकन र व्यक्तिगतदेखि संरचनात्मक हुन सक्छन् र यो क्रम अविच्छिन्न चल्दै आएको छ ।

साभार : कान्तिपुर ।

# शहीदनगरको एम्बुलेन्स बिरामी, मेयरको होर्डिङ बोर्ड मोह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ श्रावण**




धनुषाको शहीदनगर नगरपालिकामा नगर प्रमुख दिनेश प्रसाद यादवले नगरको १० लाख बजेट खर्चेर आफ्नो तस्वीरसहितको होर्डिङ बोर्डहरु पालिकाभरि ठड्याएका छन् ।

गएको असार महिनाको अन्त्यतिर ठड्याएको होर्डिङ बोर्डमा मेयर यादवको तस्वीरसँगै आकर्षक नारा लेखिएको छ । नगरपालिकाबासीको सेवाका लागि संचालनमा ल्याएको एक थान एम्बुलेन्स बजेट अभावमा एक वर्षदेखि थन्किएको छ । एम्बुलेन्स पुनः संचालनमा नआउँदा नगर बासीलाई बिरामी ओसार्न समस्या हुँदै आएको छ । तत्कालीन नगर प्रमुख उदय बरबरियाले खरिद गरेर संचालनमा ल्याएको एम्बुलेन्स नगर प्रमुख यादवको कार्यकालमा सेवा दिन सकेको छैन् । यादव निर्वाचित भएदेखि तामझाम र प्रचारमुखी योजनालाई प्राथमिकता दिएपनि जनताको ज्यानसँग जोडिएको एम्बुलेन्स मर्मतको लागि बजेट अपुग हुँदै आएको छ । नगर प्रमुख यादवले सार्वजनिक कार्यक्रमहरुमा नगर बासीका लागि खटिरहेको गर्दै आएको दावी खोक्रो साबित भएको छ । एम्बुलेन्स मर्मत अभावमा केही दिनदेखि थन्किएको लेखापाल लोकबहादुर नेपालीले बताए । आफू आएको दुई/तीन महिना भएको छ, उनले भने-त्यो भन्दा अघिदेखि एम्बुलेन्स बिग्रेर थन्किएको छ । नयाँ एम्बुलेन्स आउने जतिको खर्च मर्मतमै लाग्ने भएकाले मर्मत गर ाउनतिर ध्यान नदिएको लेखापाल नेपालीले बताए ।

गत आर्थिक वर्षमा होर्डिङ बोर्डका लागि १० लाख बजेट खर्चिएको लेखापाल नेपालीले जानकारी दिए । नगरभरी कति ठाउँमा होर्डिङ बोर्ड लगाइएको बारे यकिन जानकारी नरहेको भन्दै नेपालीले बजेट खर्च भएको स्वीकारे । कहिलेदेखि एम्बुलेन्स थन्किएको हो भने यकिन जानकारी लिन खोज्दा नगर प्रमुख यादवको मोबाइल फोन रिसिभ भएन । यसै सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृत उमेश महतोसित सम्पर्क गर्न खोज्दा मोबाइल रिसिभ नगरेर अफ गरेका छन् । प्रमुख प्रशासकीय अधिकृत शहीदनगर नगरपालिकामा हाजिर भएदेखि दिउँसो ३ बजेतिर मात्र कार्यालयमा पुग्ने गरेको नगर उपप्रमुख सुनिताकुमारी सिंहको गुनासो छ । एम्बुलेन्स संचालनमा ल्याउनका लागि आफूले पटक पटक नगर प्रमुखलाई ताकेता गरेपनि कुनै सुनुवाई नभएको सिंहले बताइन् । एम्बुलेन्स थन्किदा नगरपालिकाको ९ वटै वडाका बासिन्दा टेम्पु, मोटर साइकल लगायतको सवारी प्रयोग गरेर बिरामी ओसार्न बाध्य रहेको उनले थपिन् । नगरपालिकाले शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यक्ता पूरा गर्न नसकेको स्वीकार गर्दै नगर उपप्रमुख सिंहले आफ्नो प्रयास सफल हुन नसकेको बताइन् । नगर प्रमुख यादवकै कारण नगरबासीले एम्बुलेन्स जस्तो अतिआवश्यकीय सेवाबाट बञ्चित हुनुपरेको आरोप सिंहले लगाइन् । नगर उपप्रमुख सिंहले नगर प्रमुख यादवको मनोमानी विरुद्ध नगर परिषद् नै बहिष्कार गरेकी थिइन् । आफ्नो अधिकारसमेत खोसेर नगर प्रमुख यादवले जनताको आधारभूत आवश्यक्तासमेत पूरा गर्न नसकेको तर्क सिंहले गरिन् ।

गएको आव २०८१।८२ को अन्त्यतिर होर्डिङ बोर्डमा आफ्नो तस्वीर लगाउन नगरको १० लाख रुपैयाँ बजेट खर्चेको नगर प्रमुख यादवले एम्बुलेन्स मर्मत गर्नको लागि बजेट छुट्टयाउन सकेको छैन् ।

**खोक्रो साबित हुँदै नारा**

नगरबासीको सेवामा समर्पित रहेको र यसैलाई आफ्नो धर्म भनेका नगर प्रमुख यादवको कथनी र करणी भने फरक देखिएको छ । जनताको सेवा नै हाम्रो धर्म भन्ने नारासहितको होर्डिङ बोर्ड नगरमा ठड्याएका नगर प्रमुख यादवले जनताको आधारभूत आवश्यक्ता पनि पूरा गर्न सकेका छैनन् । धनुषा जिल्लाको १८ पालिकामध्ये प्रायः सबै पालिकाले एम्बुलेन्स संचालनमा ल्याएको छ । कयौ नगरपालिकाले नगरभरिमा बिरामी ओसारपसार निःशुल्कसमेत गरेको छ । शहीदनगर नगरपालिका भने उपलब्ध एम्बुलेन्स पनि मर्मत अभावमा संचालनमा आउन नसकेको स्थानीयको गुनासो छ । यस्तै यदुकोहा बजारको मुख्य चोकमै ठड्याएको होर्डिङ बोर्डमा नगर प्रमुख यादवको तस्वीरसहित स्वच्छ शहर सुशासित नगर हाम्रो संकल्प नारा लेखिएको छ ।


होर्डिङ बोर्ड तै थुपारिएको फोहोर को डंगुरमाथि स्वच्छ शहरको नारा लेख्दा रुष्ट बनेका स्थानीयले होर्डिङ बोर्डमा रहेको नगर प्रमुखको तस्वीर मा माटो छ्यापेका छन् ।

**मेयरप्रति आक्रोस बढ्दो**

नगर प्रमुखले काम कम र प्रचार बढी गरिरहेको स्थानीयको गुनासो छ । शहीदनगर नगरपालिका-८ का नेमुवाटोलका बासिन्दाले मेयर यादवले आफूहरुका लागि कुनै सुविधा दिन नसकेको गुनासो पोखे ।

सिचाई अभावमा पीडामा रहेका किसानको लागि केही गर्न नसकेको नगर प्रमुख यादव अचेल होर्डिङ बोर्डमा मात्र देखा पर्न थालेको स्थानीय ओमकुमार मण्डलले गुनासो पोखे । आफूहरुले नगरपालिकालाई कर तिरे पनि सेवा भने केही नपाएको उनको भनाइ थियो ।




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday